# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

*प्रशासन तथा अनुगमन शाखा*

### प्रदेश स्वास्थ्य सेवाका अधिकृत सातौं तहका पदहरूको ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. २१८/०८०-८१**

**प्रकाशन मितिः २०८०/११/१४**

बागमती प्रदेशको निजामती सेवा ऐन, २०७९ को दफा ८ को उपदफा (१) बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि सोही ऐनको दफा ३१, ३३, ३४, ३५, ३६, ३७, ३८, ३९ र ४१ बमोजिमका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८०/१२/०४ गतेसम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ। कर्मचारी समायोजन ऐन, २०७५ अनुसार प्रदेशमा समायोजन भएका कर्मचारीहरू सोही ऐनको दफा १४ को उपदफा २ (ख) र उपदफा ३ बमोजिम समायोजन हुनुपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी आवश्यक कागजातहरू संलग्न गरी दरखास्त पेस गर्ने अन्तिम मितिः २०८०/१२/०४ गते भित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

**उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरूः**

(क) प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको।

(ख) दरखास्त फाराम भर्दा राष्ट्रिय (निजामती) किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नु पर्ने र किताबखानामा आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरी सो को व्यक्तिगत अभिलेख (PIS) समेत संलग्न गर्नु पर्ने।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नु पर्ने।

(घ) दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको का.स.मू. पेस गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सोको विवरण र बागमती प्रदेशमा समायोजन भएको पत्र समेत पेस गर्नु पर्ने।

(ङ) स्वास्थ्य सेवा तर्फका उम्मेदवारहरूले आफ्नो सेवा, समूहसँग सम्बन्धित परिषद्मा दर्ता/नविकरण भएको हुनुपर्नेछ।

(च) दरखास्त दस्तुर रु. १,२००|- (एक हजार दुई सय)

(छ) दरखास्त दस्तुर बुझाउने स्थानः
राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००२०००१००००
नेपाल बैङ्क लिमिटेड, खाता नं. २७२०२००००००१००१००००००१

कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश)

राजस्व शीर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरको सक्कल प्रति संलग्न गरी दरखास्त पेस गर्नु पर्ने।

(ज) दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिने छ।

(झ) विज्ञापन भएका पदहरू दरखास्तको अन्तिम मिति भित्र कुनै कारणवस परिमार्जन गर्नु परेमा आयोगको निर्णय बमोजिम परिमार्जन हुन सक्नेछ।

**विवरण**

| क्र.सं. | ब.सू.नं. | तह | सेवा, समूह, उपसमूह, पद | पद सङ्ख्या |
|---|---|---|---|---|
| १. | १३१/०८०-८१ | ७ | स्वास्थ्य/हेल्थ एजुकेशन/स्वास्थ्य शिक्षा अधिकृत | ३ |
| २. | १३२/०८०-८१ | ७ | स्वास्थ्य/हेल्थ इन्सपेक्सन/जनस्वास्थ्य अधिकृत | ३ |
| ३. | १३३/०८०-८१ | ७ | स्वास्थ्य/विविध/बायोमेडिकल/बायोमेडिकल इन्जिनियर | १ |
| ४. | १३४/०८०-८१ | ७ | स्वास्थ्य/कम्यूनिटी नर्सिङ/कम्यूनिटी नर्सिङ अधिकृत | १ |
| ५. | १३५/०८०-८१ | ७ | स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे./मेडिकल ल्याब टेक्नोलोजिष्ट | २ |
| ६. | १३६/०८०-८१ | ७ | स्वास्थ्य/फार्मेसी/फार्मेसी अधिकृत | १ |
| ७. | १३७/०८०-८१ | ७ | स्वास्थ्य/फिजियोथेरापी/फिजियोथेरापिष्ट | २ |
| ८. | १३८/०८०-८१ | ७ | स्वास्थ्य/जनरल नर्सिङ/नर्सिङ अधिकृत | ३ |
| ९. | १३९/०८०-८१ | ७ | स्वास्थ्य/रेडियोग्राफी/रेडियोग्राफी टेक्नोलोजिष्ट | २ |
| १०. | १४०/०८०-८१ | ७ | स्वास्थ्य/मे.ल्या.टे./मेडिकल माइक्रोबायोलोजी/माइक्रोबायोलोजिष्ट | २ |
| **कुल जम्मा** | | | | **२०** |